# प्रेस विज्ञप्ति



माननीय कानून न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला) र UN Assistant Secretary- General and UNDP Director of the Regional Bureau for Asia and the Pacific, Ms. Kanni Wignaraja बीच आज कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा शिष्टाचार भेटवार्ता भयो ।

भेटवार्ताका क्रममा माननीय मन्त्रीज्यूले आफ्नो लक्ष्य अन्य कुराका अतिरिक्त संक्रमणकालीन न्याय प्रक्रियालाई विश्वसनीय र पारदर्शी बनाउनु रहेको धारणा व्यक्त गर्नुभयो । उहाँले सर्वोच्च अदालतको फैसला, अन्तराष्ट्रिय कानूनका मूल्य र मान्यता साथै पीडितको भावना अनुरुप कानूनी तथा संस्थागत सुधार गर्ने र यसका लागि मन्त्रालयले तदारुकताका साथ कार्यसम्पादन गर्दै रहेको जानकारी गराउनुभयो । भेटवार्ताका क्रममा माननीय मन्त्रीज्यूले नेपालको आर्थिक, सामाजिक, न्यायिक, शैक्षिक क्षेत्रमा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडिपी) ले पुर्याएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा समेत समन्वय र सहकार्य जारी राख्ने धारणा व्यक्त गर्नुभयो ।

भेटका क्रममा UN Assistant Secretary- General and UNDP Director of the Regional Bureau for Asia and the Pacific, Ms. Kanni Wignaraja ले सन् १९६३ देखि संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम ले नेपालमा विभिन्न क्षेत्रमा कार्य गर्दै आएको जानकारी गराउँदै आउँदा दिनमा समेत नेपालको आर्थिक, सामाजिक,न्यायिक विकास,सुशासन लगायतका क्षेत्रमा सदैव सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

मिति : २०७९।०२।२७

(फणिन्द्र गौतम)

सहसचिव एवम् सहायक प्रवक्ता